प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुको नतिजा प्रकाशन सम्बन्धी

## अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७८/१०/०९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०८/०८ गते शैक्षिक सत्र २०७८/७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्रविणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार यस कार्यालयबाट मिति २०७८/०९/१४ गते प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थामा तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटाहरुमा तपसिल बमोजिमका योग्यताक्रम अनुसारका विद्यार्थीहरु पुनः सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । साथै परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०९/१८ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत नर्सिङ कार्यक्रम संचालन गर्न स्वीकृत प्राप्त थप संस्थामा पनि डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार वर्गीकृत छात्रवृत्तिमा विधार्थी सिफारिस गरिएको व्यहोरा जानकारी गराईन्छ । सिफारिस भएका विद्यार्थीहरुले मिति २०७८/१०/१५ गते सम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, आँफु वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो, सो को सक्कल प्रमाणपत्रहरु र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भई सक्नुपर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम विद्यार्थीहरु भर्ना गर्न गराउनुहुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं., वर्गीकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ ।

**निर्देशक**